# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल
(कृषि सेवा शाखा)

प.सं. २०७९/८०
च.नं. ४०३

मितिः२०७९/१०/१५

विषय : सेवा करारमा सहजकर्ता पदपुर्ति गर्ने सम्वन्धी सूचना ।
(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१५)

प्रस्तुत विषयमा कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कृषि सेवा शाखाको चालु आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सर्शत अनुदान अन्तर्गत कृषक सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को परिच्छेद ७ को दफा १९ को उपदफा २ बमोजिम कृषक दर्ता तथा व्यवस्थापनको लागि यस पालिकाको वडा नं २ मा कार्यक्रम संचालन गर्न देहायको संख्या सेवा करारमा सहजकर्ता पदपुर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका इक्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन नं | पद/तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१ (किसान सूचिकृत)/२०७९/०८० | सहजकर्ता | ३ | |

१. आवश्यक शैक्षिक योग्यता र अनुभव :

- मान्यता प्राप्त शिक्षण संस्थावाट +२ वा सो सरह उत्तिर्ण गरेका
- एन्ड्रोइड वा स्मार्ट मोवाईल / टयावलेट वा ल्यापटप साथमा भएको र चलाउन जान्ने ।
- दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
- दरखास्त दिने अन्तिम मिति : २०७९।११।०१ सम्म ।आवेदन दिने अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा सो पछि कार्यलय खुलेको पहिलो दिन आवेदन पेस गरिसक्नु पर्नेछ ।

२. छनौटको किसिम : छोटो सूची प्रकाशन तथा अन्तर्वाता ।

३. आवेदन फारमसाथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपीहरु

- उमेदवारको व्यक्तिगत विवरण ।
- नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमापत्र ।
- अनुभवको प्रामाणित प्रतिलिपी ।

२ प्रति पासपोर्ट साइजको फोटो ।

६. सेवा तथा सुविधा : किसान सूचिकरण कार्यक्रम कार्यविधि / संचालन निर्देशिका २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क संकलन तथ प्रविष्टि गरे वापत रु ७५।- का दरले वा करार सम्झौतामा उल्लेख भए अनुसार ।

चोलाराज ढंगाल
प्रमुख प्रशासकीय अधिकृत